मं.प.बै.सं. २०/०८३

सम्वत् २०८३ साल असोज १२ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कोशी प्रदेश सरकारको आयोजनामा हुने "अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन-२०८३ सम्वत् २०८३ साल असोज २२ र २३ गते कोशी प्रदेशको राजधानी विराटनगरमा सञ्चालन गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश सचिव श्री अस्मान तामाङलाई उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेशमा र प्रदेश सचिव श्री नीता शर्मालाई प्रदेश योजना आयोग, कोशी प्रदेशमा कामकाजका लागि खटाउने।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयः कोशी प्रदेश बीमा सम्बन्धी विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने।

मं.प.बै.सं. २१/०८३

सम्वत् २०८३ साल असोज १५ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश निजामती सेवा (प्रथम संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः आर्थिक वर्ष २०८३/८४ का लागि (सामाजिक विकास मन्त्रलय, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा उद्योग, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतका निकायहरुको) अस्थायी दरबन्दी स्वीकृत गर्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश योजना आयोगको रिक्त सदस्य पदमा जिल्ला मोरङ, विराटनगर उपमहानगरपालिका वडा नं. ३ बस्ने श्री तोया प्रसाद खतिवडा र जिल्ला खोटाङ, हलेसी तुवाचुङ नगरपालिका वडा नं. ३ बस्ने श्री हरी कुमारी राईलाई नियुक्त गर्ने।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन-२०८३ सम्वत् २०८३ साल असोज २२ र २३ गतेको सट्टा सम्वत् २०८३ साल असोज २७ र २८ गते कोशी प्रदेशको राजधानी विराटनगरमा सञ्चालन गर्ने।

५. सामाजिक विकास मन्त्रालयः विराटनगर महानगरपालिका, बैजनाथपुरस्थित "गिरिजाप्रसाद कोइराला क्रिकेट रङ्गशाला" लाई प्रदेशको गौरवको बहुवर्षीय आयोजनाका रुपमा निर्माण सम्पन्न गर्ने।

मं.प.बै.सं. २२/०८३

सम्वत् २०८३ साल असोज २२ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश योजना आयोग, कोशी प्रदेशको "वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०८२/०८३" कोशी प्रदेश सभामा पेस गर्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, कोशी प्रदेशका प्रदेश सचिव श्री रामकृष्ण अधिकारीलाई अर्को व्यवस्था नभएसम्मको लागि सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशको कामकाज समेत गर्ने गरी जिम्मेवारी तोक्ने।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयः प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ४७ तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १११ बमोजिम मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको मिनाहा सिफारिस समितिले सिफारिस गरेका कोशी प्रदेश सभा सचिवालयको जेन्जी आन्दोलनबाट नष्ट भएका अचल सम्पत्तिहरु मिनाहा गर्ने।

४. सामाजिक विकास मन्त्रालयः कोशी प्रदेश अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी विधेयक तर्जुमाका लागि सिद्धान्त स्वीकृत गर्ने।

५. स्वास्थ्य मन्त्रालयः कोशी प्रदेश, स्वास्थ्य मन्त्रालय अन्तर्गतका निकायको आर्थिक वर्ष २०८३/८४ का लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने।

मं.प.बै.सं. २३/०८३

सम्वत् २०८३ साल असोज २४ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम कोशी प्रदेश सभाको चालु नवौं अधिवेशन संवत् २०८३ साल असोज २४ गते राती १२:०० बजेदेखि अन्त्य गर्न माननीय प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने।

२. खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय, कोशी प्रदेशका बरिष्ठ सिनियर डिभिजनल इन्जिनियर, (अधिकृत स्तर दशौं तह) कृष्ण प्रसाद राजवंशीलाई उक्त मन्त्रालयको निमित्त प्रदेश सचिव भई कामकाज गर्न जिम्मेवारी तोक्ने।

मं.प.बै.सं. २४/०८३

सम्वत् २०८३ साल असोज २९ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन-२०८३ सञ्चालनका लागि गठित समिति विघटन गर्ने तथा धन्यवाद प्रदान गर्ने।

२. जलवायु अनुकूलित वृहत खानेपानी आयोजनामा कार्यरत ३२ जना कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

३. UNFCCC (COP-३१) मा सहभागी हुन प्रदेश सचिव डा. इन्द्रप्रसाद सापकोटालाई मनोनयन गर्ने।

४. मिति २०८३ असोज २४ गते बसेको कोशी प्रदेश सभाको बैठकबाट प्रदेशको बहुभाषिक तथा बहुसांस्कृतिक विशेषतालाई संस्थागत गर्दै नागरिकको भाषिक अधिकार सुनिश्चित गर्न र प्रदेशको

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालय, कोशी प्रदेश

सरकारी कामकाजलाई सरल, सहज एवं जनमुखी बनाउन प्रदेश कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मत रूपमा पारित भएको उपलक्ष्यमा सम्पूर्ण प्रदेशवासी दिदीबहिनी तथा दाजुभाइलाई हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्ने। यस पुनित कार्यमा प्रत्यक्ष एवं परोक्ष रुपमा योगदान पुऱ्याउनुहुने कोशी प्रदेश सभाका माननीय सभामुख, माननीय उपसभामुख, माननीय प्रदेश सभा सदस्यहरू, कोशी प्रदेश सभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दल, सम्बन्धित विषयगत समिति, प्रदेश सभा सचिवालयका सम्पूर्ण कर्मचारी तथा प्रदेशभित्रको भाषा, संस्कृति र पहिचानको संरक्षणमा निरन्तर ऐक्यबद्धता, सुझाव र मार्गदर्शन प्रदान गर्नुहुने सम्पूर्ण कोशी प्रदेशवासी आदरणीय दिदीबहिनी तथा दाजुभाइ प्रति कोशी प्रदेश सरकारको तर्फबाट हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्ने। साथै, विधेयकको सफल कार्यान्वयन मार्फत् कोशी प्रदेशको समृद्धि, भाषिक अधिकार र सुशासन प्रवर्द्धनमा थप योगदान पुग्ने विश्वासका साथ यो ऐतिहासिक विधेयक सर्वसम्मत रूपमा पारित भएकोमा सम्पूर्ण कोशी प्रदेशवासी जनसमुदायलाई बधाई दिने।

५. बडादशैँ-२०८३ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा कोशी प्रदेश सरकारको तर्फबाट सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना प्रदान गर्ने। यस महान् पर्वले हामी सबैलाई प्रदेशको आर्थिक-सामाजिक रूपान्तरण, शान्ति र प्रगतिका लागि एकजुट भई अघि बढ्न नयाँ उत्साह, ऊर्जा र सकारात्मक प्रेरणा मिलोस्। साथै, मुलुकको सार्वभौम सत्ता एवं राष्ट्रिय एकताको जगेर्ना गर्दै समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्य प्राप्तीमा सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्ने।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।